# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/५/१९ गते शुक्रवार देखि २०६६/५/२५ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९९ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५६११ कारोबारबाट ४८ करोड ३८ लाख ९५ हजार रुपैयाँ बराबरका ७ लाख ८९ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४०.०८ प्रतिशतले वृद्धि भएको हो । गत साता ४३७४ शेयर कारोबारबाट ३४ करोड ५४ लाख ३३ हजार रुपैयाँ बराबरका ४ लाख ६६ हजार ३ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र ३४ करोड २१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ७०.७१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४७.७८ अंकले ह्रास भई अन्तिम दिन ६१४.७९ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६७९.३२ | ४३३.९४ | ३६६.८५ | ६५६.७७ | ८५५.७२ | २८१.७८ | ६३२.३५ | ६५६.३० | ६९५.२७ | ६६२.५७ | १७३.८५ | ६३.६२ |
| दोस्रो | ६७३.५१ | ४३३.९४ | ३६६.८५ | ६५२.०७ | ८५३.५९ | २८१.७८ | ६२९.०२ | ६५२.५६ | ६८७.७३ | ६५७.५३ | १७२.४० | ६३.१८ |
| तेस्रो | ६२६.३१ | ४३३.९४ | ३६६.८५ | ६५२.०७ | ८५२.९१ | २८१.७८ | ६२८.८४ | ६४५.७७ | ६७९.७५ | ६३०.११ | १६१.९३ | ६०.१३ |
| चौथो | ६१२.७३ | ४३३.९४ | ३६६.८५ | ६४६.१९ | ८३५.६८ | २८१.७८ | ६३०.७४ | ६४२.३३ | ६७४.७२ | ६२०.३९ | १५९.०८ | ५९.१८ |
| पाँचौं | ६०४.६५ | ४३८.३५ | ३६६.८५ | ६४५.०२ | ६२८.५६ | २७१.३२ | ६२९.२० | ६३८.३२ | ६६९.९९ | ६१४.७९ | १५७.४२ | ५८.५३ |
| परिवर्तन | -७४.६७ | ४.४१ | ०.०० | -११.७५ | -२७.१६ | -१०.४६ | -१७.९८ | -१७.९८ | -२५.२८ | -४७.७८ | -१६.४३ | -५.०९ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १६.४३ अंकले ह्रास भई १५७.४२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (६ करोड ७८ लाख रुपैयाँ) को आधारमा नबिल बैंक, शेयर संख्या (१ लाख ३५ हजार कित्ता) को आधारमा स्टेण्डर्ड फाइनान्स र कारोबार संख्या (४०७ वटा) को आधारमा सिटिजन्स् बैंक इन्टरनेशनल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नबिल बैंक | ६७.८३ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ५८.४२ |
| ३ | बैंक अफ काठमाण्डू | ३६.४९ |
| ४ | स्टेण्डर्ड फाइनान्स | ३४.९९ |
| ५ | नेपाल एसविआई वैंक | १८.३६ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।